नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
राष्ट्रिय किताबखाना(प्रहरी)

## आ.व. २०७८।०७९ को सम्पत्ति विवरण बुझाउने सम्बन्धी अत्यन्त जरुरी सूचना

भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ५० को (१), अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ (क) (१) एवं प्रहरी नियमावली, सशस्त्र प्रहरी नियमावली र विशेष सेवा नियमावली बमोजिम आर्थिक बर्ष २०७८।०७९ समाप्त भएको मितिले ६० दिन भित्र अर्थात मिति २०७९ भाद्र २९ गते भित्र तोकिएको निर्धारित ढाँचामा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग तथा राष्ट्रिय सर्तकता केन्द्र समेतका प्रहरी कर्मचारीहरुले आ-आफ्नो सम्पत्ति विवरण बुझाउने सम्बन्धी कार्यको लागि यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारी यस किताबखानाको website: dppr.gov.np तथा यस किताबखानाको सूचना पाटीमा टाँस गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**आ.व. २०७८।०७९ को सम्पत्ती विवरण**

| | |
|---|---|
| कर्मचारीको संकेत नः- | श्रेणी/तहः- |
| नाम थरः- | कार्यरत कार्यालयः- |
| पद/दर्जाः- | मोबाईल नः- |
| सेवा/समुहः- | ईमेल ठेगानाः- |

१।निम्न प्रक्रिया पूरा नगरी पेश हुन आएको सम्पत्ति विवरण दर्ता हुने छैन ।
(क) कर्मचारीको संकेत नम्बर नमिलेको वा उल्लेख नभएको,(ख) हालको पद र कार्यालय नखुलेको वा नमिलेको, (ग) खाम सिलबन्दी नभएको,(घ) एक भन्दा बढी कर्मचारीको सम्पत्ती विवरण एउटै खाममा रहेको तथा आर्थिक वर्ष नखुलेको (ङ) तोकिएको मिति सम्म यस किताबखानामा प्राप्त हुन नआएको ।

२। तोकिएको ६० दिन पछि प्राप्त भएको सम्पत्ति विवरणलाई प्राप्त नभए सरह मानी कुनै अभिलेख राखिने छैन ।

३। आ.व. २०७८।०७९ मा सेवा निवृत्त हुने कर्मचारीले पनि अनिवार्य रुपमा सम्पत्ति विवरण बुझाउनु पर्नेछ तसर्थ मिति २०७८।०४।०१ देखि अवकाश भएका पूर्व प्रहरी कर्मचारीहरुलाई समेत सम्बन्धित दरबन्दीवाला कार्यालयले जानकारी गराई अनिवार्य सम्पत्ति विवरण भराउने व्यवस्था मिलाई सो सम्पत्ति विवरण समेत किताबखानामा ल्याउने व्यवस्था मिलाउनु पर्नेछ ।

४। कुनै पनि कर्मचारीको सम्पत्ति विवरण दर्ता भए पछि निजहरुले खाममा उपलब्ध गराएको निजहरुको नेपाल टेलिकम र एनसेलको मोबाईल नं मा SMS बाट जानकारी गराईने छ ।

५। सम्पत्ति विवरण पेश गर्नुपर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा पनि सम्पत्ति विवरण बुझ्ने प्रयोजनको लागि किताबखाना खुल्ला रहनेछ ।

६। सम्पत्ति विवरण फाराम यसै website बाट download गर्न सकिनेछ ।

७। सम्पत्ति विवरण दर्ता सँग सम्बन्धित कुनै समस्या भएमा यस विभागको टेलिफोन नं ०१-४४३१८२३, मोबाईल नं ९८१४३४४८७६६, ९८४१२६८४७३, ९८४१८८५१७५ वा ईमेल ठेगाना hellodppr@gmail.com मा ईमेलबाट जानकारी लिन सकिनेछ।

८। अन्तिम समयमा सम्पत्ति विवरण बुझाउँदा भिडभाड र अति कार्य बोझको कारणले server down हुन गई ईन्ट्रिमा समस्या हुने भएकोले जति सक्दो छिटो सम्पत्ति विवरण बुझाउन अनुरोध गरिन्छ ।

९। विद्यमान कोभिड-१९ तथा अन्य संक्रामक रोगका कारण आ.व. २०७८।०७९ को सम्पत्ति विवरण बुझाउने कार्यलाई सहज र भिडभाड मुक्त हुने ब्यवस्था गरी संक्रमणको जोखिम कम गर्न राष्ट्रिय किताबखाना(निजामती) को मिति २०७९।०२।१९ मा भएको निर्णय समेतको आधारमा नेपाल प्रहरी तर्फको हकमा प्रहरी प्रधान कार्यालयबाट,सशस्त्र प्रहरी बल नेपालको हकमा,सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयबाट र राष्ट्रिय अनुसन्धान विभागको सम्बन्धमा राष्ट्रिय अनुसन्धान विभागबाट तोकिए अनुसारका निकाय/कार्यालयमा यथासम्भव छिटो संकलन गरी छुट्टा छुट्टै दिनमा भिडभाड नहुने गरी निर्धारित अवधि भित्रै यस किताबखानामा दर्ताका लागि उपलब्ध गराईदिन हुन समेत सम्बन्धित सबैमा राष्ट्रिय किताबखाना(प्रहरी) हार्दिक अनुरोध गर्दछ ।

२०७९।३।२३
निर्देशक